निर्णयहरु :

निर्णय नं १.

मन्थली वचत तथा ऋण सहकारी संस्थाको २६ औं बार्षिक साधारण सभामा संस्थाका सचिव श्री हिमाल ढुङ्गेलले प्रस्तुत गर्नु भएको गत आर्थिक वर्षमा संचालन भएका कृयाकलाप तथा आगामी आर्थिक बर्ष २०८०/०८१ का प्रस्तुत भएको वार्षिक निती तथा कार्यक्रमलाई सर्व सम्मतिले पारित गरियो ।

निर्णय नं २.

यस मन्थली बचत तथा ऋण सहकारी संस्थाको गरिमामय २६ औं बार्षिक सधारण सभामा संस्थाका कोषाध्यक्ष श्री टीका प्रसाद भट्टद्धारा प्रश्तुत गरिएको आर्थिक बर्ष २०७९/०८० को बार्षिक आय व्यय विवरण (वासलात, नाफा नोक्सान हिसाव समेतको ) चार्टड एकान्टेण्ट श्री जिवन कुमार बुढाथोकीले गरेको लेखा परिक्षणको प्रतिवेदन पारित गरीयो । साथै चालु आ.व. २०८०/०८१ आर्थिक वर्षका लागि तयार पारि यस सभामा पेश भएको अनुमानित आय व्यय विवरण समेत सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं ३.

मन्थली बचत तथा ऋण सहकारी संस्थाको आर्थिक बर्ष २०८०/८१ को आर्थिक कारोवारको समग्र स्थितिको लेखा परिक्षण गरी संस्थामा प्रतिवेदन दिनका लागि JKB एण्ड एसोसिएट्स श्री जिवन कुमार बुढाथोकीलाई नियुक्ती गर्ने निर्णय गरीयो । नियुक्त हुने चार्टड एकाउटेण्टलाई लेखा परिक्षण कार्य सम्पन्न गरी प्रतिवेदन वापत २ लाख पारिश्रमिक भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं ४.

यस मन्थली बचत तथा ऋण सहकारी संस्था लि.को निति,कार्यविधि, निर्देशिकाहरु निर्माण तथा संशोधन गरी पारित गर्न संचालक समितिलाई अख्तियारी दिने निर्णय गरीयो ।

निर्णय नं ५.

यस मन्थली वचत तथा ऋण सहकारी संस्था लि.को २६ औं वार्षिक साधारण सभामा संस्थाका सचिव हिमाल ढुङ्गेलले पेश गर्नु भएको बार्षिक कार्यक्रम प्रतिवेदन, कोषाध्यक्ष टीका प्रसाद भट्टले पेश गर्नु भएको आय व्यय विवरण, लेखा सुरपरिक्षण समितिका संयोजक टंक प्रसाद दाहालले पेश गर्नु भएको लेखा सुपरिवेक्षण समितिको प्रतिवदेन र लेखा परिक्षक नियुक्त गर्ने निर्णयहरुलाई बार्षिक साधारण सभाको निर्णय रजिष्टरमा लिपीवद्ध गरी निर्णय प्रमाणित गर्नका लागि संस्थाका निम्नानुसार शेयर सदस्यहरुलाई जिम्मेवारी दिने निर्णय गरियो ।

2-113

तपसिल

१. श्री सन्जु वस्नेत

२. श्री राधिका कार्की

३. श्री रन्जिता श्रेष्ठ

४. श्री बुनु लामा

५. श्री सुमन कर्माचार्य

६. श्री मिश्रा आलेमगर

७. श्री गणेश बहादुर नेवा खड्गी

८. श्री पुन्नलाल श्रेष्ठ

९. श्री पुष्कल घिमिरे

१०. श्री बलराम श्रेष्ठ

११. श्री उमेश तामाङ्ग

१२. श्री दिपक माझी

१३. श्री हरि प्रसाद वाग्ले

निर्णय नम्बर ६ .

यस मन्थली बचत तथा ऋण सहकारी संस्था लि. को २६ औं बार्षिक साधारण सभाको उद्घाटनका लागि संस्थाले गरेको अनुरोधलाई स्वीकार गरी साधारण सभाको उद्घाटन गरीदिनु भएकोमा रामेछाप जिल्ला समन्वय समिति प्रमुख श्री चिना खड्का कार्की ज्यू लाइ हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरीयो ।

निर्णय नम्बर ७.

यस मन्थली बचत तथा ऋण सहकारी संस्था लि. ले शेयर सदस्यहरुलाई गत आर्थिक बर्षमा भएको आर्थिक कारोबारको लेखा परिक्षण प्रतिवेदनका आधारमा ६ प्रतिशतका दरले शेयर लाभांस वितरण गर्ने निर्णय गरीयो ।

2-113

निर्णय नं ८.

यस मन्थली बचत तथा ऋण सहकारी संस्थाको कार्यक्षेत्र रामेछाप जिल्ला भर भएकोले शेयर सदस्यहरुलाई सेवा सुविधा सहज रुपमा पाप्त गर्नको लागि उमाकुण्ड गाउपालिका, गोकलगंगा गाउपालिका, खाँडादेवी गाउपालिका, सुनापाती गाउपालिका र शैलुङ्ग दोरम्वा गाउपालिकामा सेवा विस्तार गर्ने उदेश्यले सेवा केन्द्र संचालन गर्न बागमती प्रदेश भुमि तथा व्यवस्था मन्त्रालय सहकारी महाशाखा हेटौडालाई अनुरोध गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

निर्णय नं. ९.

यस मन्थली बचत तथा ऋण सहकारी संस्था लि. को बार्षिक योजना अनुसार जिल्लाभित्र रहेको सहकारीहरु बीच एकीकरण गर्नको लागि बचत तथा ऋण सहकारी संस्थाहरुसंग एकिकरण सम्वन्धी सम्पुर्ण प्रकृया पुरा गरी एकिकरण गर्ने निर्णय गरियो ।

१०. यस मन्थली बचत तथा ऋण सहकारी संस्था लि.को कार्यक्रम तथा संस्था संचालनको क्रममा संचालक समितिको पदाधिकारी तथा सदस्य, लेखा सुपरिवेक्षण समितिको लागि बैठक भत्ता रु.१५००।- विभिन्न उपसमितिको वैठक भत्ता रु. १०००।-कायम गर्ने निर्णय गरियो।

११. यस मन्थली बचत तथा ऋण सहकारी संस्था लि.का व्यवस्थापकलाई मासिक पारिश्रमिक रु.६६०००।- तथा अन्य सेवा सुविधाहरु आर्थिक तथा मानव शंसाधन निति बमोजिम व्यवस्था गर्ने निर्णय गरियो ।

